"कृषि, पर्यटन, उर्जा र पूर्वाधारः अन्नपूर्ण समृद्धिको आधार"

# अन्नपूर्ण गाउँपालिका

# Annapurna Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

Office of The Rural Municipal Executive
माछापोखरी, कास्की (Machhapokhari, Kaski)

गण्डकी प्रदेश नेपाल
Gandaki Province, Nepal

पत्र संख्याः २०८२/०८३
सूचना नं.: २१

**करारमा सेवा लिने सम्बन्धी सूचना।**
**(सूचना प्रकाशित मिति : २०८२/०६/२७)**

अन्नपूर्ण गाउँपालिकाको कार्यालय तथा सामुदायिक स्वास्थ्य इकाई छोम्रोङमा कामकाज गर्नका लागि तपसिलको पदमा देहायको संख्या र योग्यता भएका कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र तोकिएका कागजात सहित रितपूर्वकको आवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| क्र.स. | विज्ञापन नं. | पद | तह | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ९/२०८२/०८३ | उद्यम विकास सहजकर्ता | चौंथो | २(दुई) | |
| २ | १०/२०८२/०८३ | कार्यालय सहयोगी | प्रथम स्तर | १(एक) | |

**१. शैक्षिक योग्यताः**

- उद्यम विकास सहजकर्ताको लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिइभिटी)बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक डिप्लोमा कोर्ष उत्तिर्ण गरेको, वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ उत्तिर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टि.एस.एल.सी.) उत्तिर्ण गरेको।
- कार्यालय सहयोगीको लागि एस.इ.इ. वा सो सरह उत्तिर्ण।

२. **उमेरः** १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र विशेष क्षमता भएका तथा महिलाको हकमा ४० वर्ष ननाघेको।

३. अन्य प्रचलित कानुनबाट अयोग्य नठहरिएको हुनुपर्ने छ।

४. **दरखास्त साथ संलग्न हुनुपर्ने कागजातहरुः**

- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी १ प्रति।
- सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी १/१ प्रति।
- अनुभव भए अनुभव खुल्ने कागजातको प्रतिलिपी १/१ प्रति।
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति।

५. दरखास्त दस्तुरः उद्यम विकास सहजकर्ताको लागि रु. ७००।-, कार्यालय सहयोगीको लागि रु. ४००।- र दरखास्त फारम शुल्क थप रु. १००।-।

६. दरखास्त फारम पेस गर्ने स्थानः अन्नपूर्ण गाउँपालिकाको कार्यालय, कास्की।

७. सेवा सुविधाः कार्यालयको नियमानुसार।

८. परीक्षाको किसिमः अन्नपूर्ण गाउँपालिकामा सेवा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८१ बमोजिम।

९. करार अवधिः २०८२ पुस मसान्त सम्म (कार्य सम्पादनको आधारमा थप हुन सक्ने)

१०. दरखास्त दिने अन्तिम मितिः २०८२/०७/१० गते कार्यालय समय सम्म।

११. आवेदन फारम बुझाउने स्थानः यस कार्यालयको प्रशासन शाखा (कोठा नं १०)।

१२. थप जानकारीको लागिः गाउँपालिकाको प्रशासन शाखा (सम्पर्क नं. ०६१-४१४१०१) मा सम्पर्क राख्नुहोला।

१३. अन्यः आवेदन फारम यस कार्यालयको प्रशासन शाखाबाट प्राप्त गर्न सकिने छ। तोकिएको म्याद नाघी प्राप्त भएका, रित नपुगेका तथा कुनै पनि शर्त राखि पेस गरेका आवेदन स्विकृत नगरिने र अस्विकृत आवेदनको आवेदन दस्तुर फिर्ता गरिने छैन।

चिरञ्जीवी बराल